


पावरहाउस बन्ने स्थल

# दोर्दी-१ जलविद्युत खबर

ज्येष्ठ २०७४, अंक ६

## आयोजनाको हालको निर्माण अवस्था

आयोजना स्थलमा पावरहाउस रहने स्थल समथर पार्ने कार्य भईरहेको छ । साथै, हेडवर्कसको डिस्याण्डर बेसिन रहने ठाउँको जग खन्ने कार्य भईरहेको छ । आयोजनाको पावरहाउस देखि उदिपुर सवस्टेशन सम्म १३२ के.भी विद्युत प्रसारण लाइनको डिजाइन कार्य सम्पन्न भईसकेको छ । सर्ज ट्याङ्क सम्म पुग्ने बाटो निर्माण तथा ग्राभलिङ्ग कार्य पनि सम्पन्न भइसकेको छ ।

यस्तै, जेठ २८, २०७४ मा आयोजनाको हेडवर्कस र पावरहाउसको सिभिल निर्माणको लागि ठेक्का आवह्रान गरिसकिएको छ । त्यसैगरी, आषाढको पहिलो हप्तामा आयोजनाको हाइड्रोमेकानिकलको ठेक्का आवह्रान गर्ने लक्ष्य लिएको छ । साथै, आयोजनाको लागि आवश्यक थप १५ रोपनी जग्गा भाडामा लिने कार्य सम्पन्न भएको छ । आयोजनाको सम्पूर्ण सर्भे कार्यहरु सम्पन्न भइसकेको छ ।



हेडवर्कस क्षेत्र



निर्माणाधीन क्याम्प हाउस



ग्राभलिङ्ग गरिएको रोड

सरकारी वन उपभोग अन्तर्गतको स्वीकृतिको लागि जिल्ला वन कार्यालय लमजुङ्गबाट सिफारिस भइसकेको र हाल वन मन्त्रालयबाट स्वीकृतिको लागि सिफारिस हुने क्रममा रहेको छ । वैशाख १५, २०७४ मा गृहमन्त्रालयले यस आयोजनालाई पत्राचार गरी विभिन्न प्रयोजनका लागि आवश्यक पर्ने विष्फोटक पदार्थको खरिद तथा आयात स्वीकृती प्रदान गरेको छ ।

आयोजना स्थलमा थप क्याम्प हाउस निर्माण कार्य भईरहेको छ । यस आयोजनाको निर्माण कार्य विस्तारको लागि कम्पनीद्वारा आयोजना निर्माण स्थलमा थप कर्मचारीमा सिभिल इन्जिनियर, मेकानिकल इन्जिनियर, इलेक्ट्रिकल इन्जिनियर र जनसम्पर्क अधिकृत परिचालन गरिएका छन् ।



निर्माणाधीन क्याम्प हाउस




हेडवर्कस क्षेत्र




पेनस्टक एक्साभेसन


**सम्पादकः पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**